# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, माघ १ गते २०६३ साल (संख्या ३७

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले मिति २०६३।८।२१ को निर्णयानुसार उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३ बमोजिम गठित उपभोक्ता संरक्षण परिषद्‌को रिक्त सदस्यमध्ये सोही ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ट) बमोजिमको महिला सदस्यमा सुश्री चण्डिका पौडेल, उपभोक्ता मञ्च, नेपाललाई मनोनयन गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव

262

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी परोपकार श्री ५ इन्द्रराज्यलक्ष्मी देवी प्रसूति गृह विकास समिति, थापाथलीले यूरो ४०,५४६.०८ (चालीस हजार पाँचसय छयालिस सेण्ट आठ) मूल्य बराबरको Equipment & Accessories for Operative & Diagnostic Hysterscopy Procedure आयात गर्दा एक प्रतिशत भन्सार महसूल असुल गरि बाँको भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध हेल्थ केयर फाउण्डेसन नेपालद्वारा सञ्चालित मृगौलारोग उपचार केन्द्र वनस्थली, काठमाडौंको लागि Nipro Asia Pte. Ltd, Singapore बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २०००.०० (दुई हजार) मूल्य बराबरको स्वास्थ्य उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरि बाँको भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना ३

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ अन्तर्गत समूह- ११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी Kathmandu Small Hydropower Systems (Private Limited) बाँसबारी काठमाडौंले सालिनदी जलविद्युत आयोजनाको लागि अमेरिको



६७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डलर १,३५,०००.०० (एकलाख पैंतीसहजार) मूल्य बराबरको २५० किलोवाटको Hydropower Equipment (with its Gomplete Accessories) एक सेट आयात गर्दा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



२०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## महालेखा परीक्षकको कार्यालयको सूचना

महालेखा परीक्षकको मिति २०६३।२।१४ को निर्णयानुसार यस कार्यालयको नाम "नेपाल अधिराज्यका महालेखा परीक्षकको विभाग" को सट्टा "महालेखा परीक्षकको कार्यालय" राखी परिवर्तन गरिएकोले सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
कृष्णलाल श्रेष्ठ<br>
नायब महालेखा परीक्षक

## नेपाल सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरो सोही दफाको उपदफा (२) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखेको छः—

"(ट) महिला, जनजाति आदि समेत समावेश गराई प्रत्येक विकास क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनित दश जना  –सदस्य"

आज्ञाले,<br>
भगवती कुमार कापले<br>
नेपाल सरकारको का.मु. सचिव



८०८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संसद सचिवालयको सूचना

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०६३।९।२० को निर्णयानुसार नेपाल संसद सेवा सामान्य प्रशासन समूहका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवा समूहको राजपत्राङ्कित विशिष्ट श्रेणीको विशेष सचिव पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार मिति २०६३।९।१७ देखि लागु हुने गरी बढुवा नियुक्ति गरी यसै सचिवालयमा पदस्थापन गरिएको छ ।

| क्र.सं. | साविक पद, नाम, थर |
|---|---|
| १. | सह सचिव श्री मनोहरप्रसाद भट्टराई |
| २. | सह सचिव श्री कृष्णप्रसाद पाण्डे |

आज्ञाले,
सूर्यकिरण गुरुङ्ग
संसदको महासचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.ब.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छः–

अग्रभाग : वरिपरि ६४ थोप्लाभित्र चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०६३ रही वर्गाकार क्षेत्रमा सगरमाथाको लोगो र सोको तल नेपालीमा सगरमाथा रहनेछ ।

पृष्ठ भागः वरिपरि ६४ थोप्लाभित्र माथिल्लो भागमा बायाँ तर्फ नेपाल र दायाँ तर्फ अंग्रेजीमा NEPAL रही सोको तल हिमाल, पहाड र तराईको लोगो, बीचमा किसानले हलो जोतेको लोगो, सो भन्दा मुनी नेपालीमा २ रुपैयाँ उल्लेख रहनेछ ।

स्पेशिफिकेशन

दर : रु. २।–
तौल : ५ ग्राम
व्यास : २५ एम. एम $\pm$ ०.०५ एम. एम.
धातु : स्टील ९५ प्रतिशत $\pm$ ०.१ प्रतिशत
ब्रोन्ज ५ प्रतिशत $\pm$ ०.१ प्रतिशत
सिरेशन : धर्सो नभएको
रङ्ग : सुनौलो
आकार : गोलो
निष्काशन : १० करोड थान

### सूचना २

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको डिजाइन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छः–

अग्रभागः बरिपरि ६४ थोप्लाभित्र सबैभन्दा माथि श्री, दायाँ बायाँ चन्द्र, सूर्य, त्यसको मुनो शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०६३ रही बीचमा गोलो घेराभित्र हुलाकीको लोगो रहनेछ ।

पृष्ठ भागः बरिपरि ६४ थोप्लाभित्र सबैभन्दा माथि पहिलो हुलाक टिकट, त्यसको मुनो १२५ वर्ष, बायाँ तर्फ नेपालीमा रु. २५।- नेपाल र दायाँतर्फ अंग्रेजीमा Rs. 25 NEPAL, सबैभन्दा तल अंग्रेजीमा 125YEARS, FIRST POSTAGE STAMP उल्लेख भई बीचमा पहिलो हुलाक टिकटको लोगो रहनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | : रू. २५।- |
| तौल | : ८.६ ग्राम ± ३०० मि. ग्रा. |
| व्यास | : २९ मि. मि. |
| धातु | : क्यूप्रोनिकल |
| मिरेशन | : धर्सो नभएको |
| रङ्ग | : सेतो |
| आकार | : गोलो। |

अधिकतम निष्काशन : ५,००० थान

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरो ललितपुर जिल्ला स्थित Living Stone Academy को लागि KOREA PLANT SFRVICE & ENGINEERING CO. LTD. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १५०.०० (एकसय पचास) मूल्य बराबरको पाँच थान कम्प्युटरहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरो बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी गुल्मी जिल्ला, जोहाङ्ग गा.वि.स. वडा नं. १ स्थित परमानन्द आश्रममा स्थापना गर्नको लागि मार्वलद्वारा निर्मित भा.रू. ५५,१००।– (पचपन्न हजार एक सय) मूल्य बराबरको तेह्र थान मूर्तिहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरो बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरो नेपाल वहिरोपन निवारण आयोजना त्रिपुरेश्वरको लागि WHO workplan NCD OWER & REP 1 OSER 4 P–2 Activity अन्तर्गत भा.रु. ४,६०,४८८.०० (चार लाख साठी हजार चारसय अठासी) मूल्य बराबरको टाटा सुमो गाडी आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरो लुम्बिनी गुरु योजनाको विहार क्षेत्रमा Pal Thubten Shedrub Ling Monastery मा स्थापनाथ थाईलैंडबाट उपहार स्वरुप प्रदान गरिने थाई भाट १०,१२,३००.०० (दश लाख बाह्र हजार तोन सय) मूल्य बराबरको १२०५ वटा मूर्ति आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो. द्. व. नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।